फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फेदीखोला, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८३/०८४
सुचना नं.: ११

फोन नं: ०६३-४०२०५३(प्र.प्र.अ),
०६३-४०२०७३(अध्यक्ष)

## विद्युतीय खरिद प्रणाली मर्मत सम्भारको अवस्थामा रहेकोले हार्डकपी मार्फत खरिद प्रकृया अगाडि बढाइने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/१८)**

फेदीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले चालु आ.व. ०८३/०८४ मा फेदीखोला गाउँपालिका भित्रका तपसिलका निर्माण तथा मर्मत सम्भार गर्न विभिन्न मितिमा बोलपत्र आव्हानको सूचना विद्युतीय खरिद प्रणाली (E-GP System) मार्फत प्रकाशन गरेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ को सूचना अनुसार हाल विद्युतीय खरिद प्रणाली स्थगन भएको र यस अवधिमा प्रकाशित बोलपत्रहरुको खरिद प्रकृया हार्डकपी मार्फत कार्यान्वयन गर्न सकिने उल्लेख भएकोले यस कार्यालयबाट प्रकाशित सूचना अनुसार खरिद प्रकृयामा सहभागी हुन इच्छुक बोलपत्रदाताहरुले हार्डकपी मार्फत बोलपत्र खरिद तथा दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । हार्डकपी मार्फत बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले यस कार्यालयको राजश्व शाखामा नगदै बोलपत्र दस्तुर तिरि वा यस कार्यालयको प्राइम कमर्शियल बैंक, फेदीखोला बजार स्थित शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६५०१००००००३०८००१८० मा राजश्व दाखिला गरेको भौचर पेश गरि बोलपत्र खरिद गर्न सक्नेछन् ।सम्बन्धित कार्यको लागी छुट्टाछुट्टै खरिद गर्न सक्ने मिति र दाखिला गर्ने मिति भएकोले सोही अनुसार खरिद प्रकृयामा सहभागी हुन समेत यही सूचना मार्फत जानकारी गराइन्छ । बोलपत्र सम्बन्धि कागजात यस कार्यालयको वेवसाइटः www.phedikholamun.gov.np मा हेर्न सकिनेछ । वेवसाइटमा राखिएको बोलपत्र सम्बन्धि कागजात केवल हेर्न र बुझ्नका लागी राखिएकोले उक्त कागजात डाउनलोड गरि सोही कागजात राखि बोलपत्र दाखिला गरेमा उक्त बोलपत्र अमान्य ठहर हुनेछ, तसर्थ यस कार्यालयको राजश्व शाखाबाट कार्यालय प्रमुखबाट प्रमाणित गरिएको बोलपत्र सम्बन्धित कागजात लिइ सोही कागजातमा विवरण भरि पेश गर्नुहुन समेत सुचित गरिन्छ । यस सूचनामा उल्लेख नभएका विषयहरु सम्बन्धित बोलपत्र कागजातमा रहेकाले उक्त कागजातमा उल्लिखित विषयहरु अध्ययन तथा विश्लेषण गरि बोलपत्र खरिद तथा दाखिला गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उल्लिखित कार्यहरु लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिनको रुपमा गणना गरिनेछ । यस सूचना र बोलपत्र सम्बन्धि कागजातमा उल्लिखित विषयहरु सोही बमोजिम र नभएका विषयहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ । खरिद सम्बन्धि अन्य विषय बुझ्नुपरेमा यस कार्यालयको कार्यालय प्रमुख वा पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखामा सम्पर्क गर्न सक्नुहुनेछ ।सम्पर्क इमेल ठेगाना, मोवाइल तथा फोन नं.:- phedikhola174@gmail.com र मो.नं. ९८४६७८७६७०, ९८५६०२७२७६, ९८५६०६६६०३, फोन नं. ०६३-४०२०५३.

| क्र.सं. | कार्य विवरण तथा ठेक्का नं. | बोलपत्र दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Upgrading of Kuvinde Mattikhan Nuwakot Road in CH 4+952 - 5+452 at Phedikhola-01, Mattikhan, Syangja, Contact ID: 1-PRM-W-NCB-083-84 | ३०००/- | 07 September 2026, within office hrs. | 08 September 2026, 12:00 Hrs. | 08 September 2026, 13:00 Hrs. | Bid security NPR: 282,000.00, Validity: 05 January 2027 |
| २ | Construction of First Floor of Block B (Partial Civil works) of Chandidada Secondary School at Phedikhola-01, Mattikhan, Syangja, Contact ID: 2-PRM-W-NCB-083-84 | ३०००/- | 08 September 2026, within office hrs. | 09 September 2026, 12:00 Hrs. | 09 September 2026, 13:00 Hrs. | Bid security NPR: 100,000.00, Validity: 06 January 2027 |
| ३ | Upgrading of Phedikhola Mirudanda Nuwakot Road on CH 3+500 to 4+000 at Phedikhola-02, Deurali, Syangja, Contact ID: 3-PRM-W-NCB-083-84 | ३०००/- | 14 September 2026, within office hrs. | 15 September 2026, 12:00 Hrs. | 15 September 2026, 13:00 Hrs. | Bid security NPR: 254,000.00, Validity: 12 January 2027 |

विष्णु प्रसाद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

फोन : ५९७१३०७, ५९७१३०१
वेबसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

(सूचना प्रविधि शाखा)

प.सं : सू.प्र.-०८३/८४
च.नं. MIT/१८२

केसरमहल, काठमाडौं, नेपाल

मितिः २०८३/०५/११

विषयः सूचना तथा जानकारी सम्बन्धमा।

श्री सार्वजनिक निकाय सबै ।

हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकाले प्रणालीको मर्मतसम्भार र सुधार कार्य भइरहेको हुँदा अर्को सूचना जारी नभएसम्म तपसिल बमोजिम हुने गरी प्रणाली स्थगन गरिएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यस कार्यालयको मिति २०८३/०५/११ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

तपसिलः

१. मिति २०८३/०५/११ गते देखि अर्को सूचना जारी नभएसम्मका लागि हालको विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गर्नुहुन।

२. यस विद्युतीय खरिद प्रणालीमा मिति २०८३/०५/११ गतेसम्म प्रकाशन भई प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका र नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको सम्वन्धमा सार्वजनिक निकायहरुले हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया अगाडि बढाउन सकिनेछ।

३. यस अघि विद्युतीय खरिद प्रणालीमा बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्र खोलुवा भई सार्वजनिक निकायहरुले बोलपत्रदाता/आपूर्तिकर्ता/परामर्शदाताहरुको प्रस्ताव डाउनलोड गर्न बाँकी रहेका ठेक्काहरुको सम्बन्धमा सार्वजनिक निकायको अनुरोधमा यस कार्यालयबाट आवश्यक सहजीकरण गरिनेछ।

२०८३/०५/११
(ई. निर्मल लामा)
कम्प्युटर अधिकृत